




# स्वर

द्वैमासिक पत्रिका

वर्ष २२ अंक १ वैशाख-जेठ, २०८२



## असमकी कवि नैना अधिकारी विशेष


अमूर्त कारागार
नैना अधिकारी

समालोचकीय ऐनामा
सिर्जनाका प्रतिबिम्ब
नैना अधिकारी

साहित्य सिर्जनाका बान्कीहरू
( समालोचना सङ्ग्रह )
नैना अधिकारी

साहित्य अकादमी युवा पुरस्कार -2023 द्वारा सम्मानित
घात-प्रतिघातका उद्गारहरू
नैना अधिकारी
Purbayon Publication

असमेली नेपाली समालोचना
( खण्ड - ३ )
ढाकाराम काफ्ले
नैना अधिकारी

काठमाडौं जि.प्र.का. द.नं. १९५/०५९-०६०

# स्वर

द्वैमासिक पत्रिका

(साहित्य, कला, संस्कृति विविध विचार- सबैको आवाज अटाउने सञ्चार)

| वर्ष २२ Year 22 | अंक १ Issue 1 | वैशाख-जेठ २०८२ May-June 2025 |
|---|---|---|

**सम्पादक/प्रकाशक**

कृष्णप्रसाद घिमिरे - ९८५६० ०३५३१

**प्रबन्ध निर्देशक**

सुमन कार्की - ९८५१० ७४१३३

**प्रधान सम्पादक**

कार्तिकेय घिमिरे - ९८४१ ४७७५१५

**आवरण कला**

विन्दु लाखेमारु, खोप्रिङ स्कुल, भक्तपुर

**लेआउट**

भेषबहादुर राउत (आनन्द) - ९८४१ ३७३५१०

**प्रतिनिधि**

केदारप्रसाद न्यौपाने, हेटौंडा
जानुका खतिवडा, काठमाडौं
विष्णुकुमारी लिम्बू, कीर्तिपुर
राजकुमार पूर्वटोले, सर्लाही
ईश्वर थोकर, भक्तपुर

**मुद्रण**

सहारा प्रिन्ट कनेक्सन, डिल्लीबजार, काठमाडौं - ९८५१० ७४१३३

पत्राचार : स्वर द्वैमासिक पो.ब.नं. २५८५९, का.म.न.पा-७, काठमाडौं
फोन : ०१-५९१३५३१, ९८५६० ०३५३१
Email : swarbiomonthly@gmail.com, swarpatrika@gmail.com
Online : **www.swarpatrika.com**

मूल्य : रु. ५० ।-  आजीवन सदस्यता : न्यूनतम रु. ५००० ।-

# सम्पादकीय

## असमकी कवि नैना अधिकारी विशेष

कवि नैना भन्छिन्, 'कविता किन लेखिन्छ भनेर सोध्ने हो भने मेरो उत्तर सायद हरेक पटक फरक फरक हुन्छ होला । कहिले भित्र चिसो लाग्छ अनि लेखिन्छ । कहिले घाम अत्यासलाग्दो लाग्छ, अनि लेखिन्छ । कहिले शब्द आफैँ आएर मनको ढोकामा ठोकिन्छन् अनि कविताको रूप लिएर पोखिन्छन् । तर, एउटा कुरा चाहिँ पक्का छ, कविता केवल लेख्नकै लागि लेखिँदैन । त्यो आफैँभित्रको आवाज हो, कहिले कोमल त कहिले कठोर । यो आवाज यसै भावनाहरू छताछुल्ल भएर व्यक्त भएको आवाज होइन, सारङ्गीको तारमा तालिम प्राप्त औँलाहरूले सृष्टि गरेको सुनियन्त्रित आवाज हो । कविता मेरा लागि एउटा संवाद हो, आफूसँग, समयसँग, अनि समाजसँग गर्ने संवाद । यो केवल फूलको वास्ना होइन, कहिले काहीँ बारुदको गन्ध पनि  हो । हामीले देखेका, भोगेका, लुकाएका वा नचाहेका कुरा पनि कविता बन्न सक्छन् । कविता कहिलेकाहीँ त्यो आँखा पनि हो, जसले हामीले हेर्ने चाहना नगरेका कुराहरूसम्म देखाइदिन्छ । आजका दिनमा कविता लेख्नु भनेको सजिलो कुरा होइन । शब्दहरूको भिडमा आफ्ना शब्द खोज्नु, अनि ती शब्दले पाठकको हृदय छुनेगरी बोल्नु- यो यात्रामा साहस, संवेदना र चेतनाको साथ चाहिन्छ र समर्पण  पनि । अझ जब समयले आफैँ प्रश्न उठाइरहेको हुन्छ तब कविता मौन बसिरहन     सक्दैन ।

कवितामा म केवल सौन्दर्य होइन, सत्य खोज्दछु र कहिलेकाहीँ त्यो सत्य निकै पेचिलो पनि हुन्छ । तर कविताले त्यसलाई पनि कोमलतापूर्वक बोल्न सक्छ र बोल्नु पनि पर्छ किनभने जहाँ गहिरो मौनता हुन्छ, त्यहीँ कविता बोल्न थाल्छ ।'

यस पटक हामीले असमकी कवि नैना अधिकारी विशेष अंक लिएर आएका छौँ । यो असमको मौनताभित्रको स्वर सुन्ने अवसर हो । यस पटक नेपालबाहिरको नेपालीभाषी सर्जकको आवाज स्वरमा समेटिएको छ ।

कसैको दुःख, कसैको प्रेम, कसैको प्रश्न वा विद्रोह भएर गुन्जिने कविताको स्वर शक्तिशाली हुन्छ । विश्वभरि फैलिएका नेपालीभाषी स्रष्टाको स्वर यसरी नै गुन्जिरहोस् । हामी कवि नैनाको स्वरलाई सलाम गर्दछौँ । ❐

# विषयसूची


| | | |
|---|---|---|
| सम्पादकीय | असमकी कवि नैना अधिकारी विशेष | २ |
| अन्तर्वार्ता | प्रतिभाशाली कवि नैना अधिकारीसँग कुराकानी | ४ |
| समालोचना | कविता, विद्रोह, राजनीति ... रुद्र बराल | १४ |
| नैनाका १० कविता | १) संसारसँग एक्लै लड्दै गरेकी केटी | २६ |
| कविता | २) मैले सोचेर भेटिन | २९ |
| कविता | ३) फलाम बटुल्ने हातहरु | ३० |
| कविता | ४) एउटा गहिरो मौनता | ३१ |
| कविता | ५) एउटा पागल युग | ३३ |
| कविता | ६) धमिराको हुल | ३६ |
| कविता | ७) पन्ना अनेक, चित्र एक | ३७ |
| कविता | ८) अवलोकन | ३८ |
| कविता | ९) निलो | ४० |
| कविता | १०) सक्नु र नसक्नुको बिचमा | ४१ |
| व्यक्तित्व चर्चा | नैनाको सिर्जनात्मक यात्रामा पुरस्कारै पुरस्कार | ४३ |
| परिचय | कवि नैना अधिकारीको संक्षिप्त परिचय | ४७ |
| पाठकको पत्र | | ४८ |

## अन्तर्वार्ता

# प्रतिभाशाली कवि नैना अधिकारीसँग कुराकानी

१. **कविहरु स्वार्थी हुन्छन् हो कविजी ? यही प्रश्नबाट कुराकानी सुरु गरौँ।**

✍ स्वार्थी ? के स्वार्थीले अरूका आँसु आफ्ना आँखाबाट झार्न सक्छ र ? उपेक्षितका पीडा बोकेर कविता लेख्न सक्छ र ?

कवि त विद्रोही हुन्छन्। अथवा हुनुपर्छ। उनीहरू मौनतालाई स्वर दिन्छन्, अन्याय देखेपछि चुप लाग्दैनन् । सत्यको पक्षमा उभिन्छन् र शब्दलाई शस्त्र बनाउँछन् ।

तर, एउटा कुरा साँचो हो, कवि अलिक जिद्दी हुन्छन् । कहिलेकाहीँ आफैसँग रिसाउँछन्, आफैसँग रुन्छन् । तर, स्वार्थी होइनन् । कविहरू त संवेदनाको भोकले लेख्ने हृदय हुन्, समयले बिर्सेका कथाहरूका विद्रोही साक्षी हुन् । तर, आजकल कतिपय कविहरू केवल हावामा, प्रचारमा लेख्न थालेका छन् - यथार्थलाई स्पर्श नगरी, केवल शब्दको प्रदर्शनी गर्ने । यस्तो लेखाइमा न आत्मा हुन्छ, न आत्मीयता केवल शाब्दिक आडम्बर र आत्मप्रशंसाको चर्को ध्वनि मात्रै हुन्छ। अरूलाई होच्याएर आफू ठुलो देखिन खोज्नु, रचना होइन, आह्निस हो। त्यस्ता कविमा संवेदना होइन प्रतिस्पर्धा बोल्छ। उनीहरू आफ्ना पङ्क्तिहरूलाई सिंहासन ठान्छन्, जसको मुनि अरूका भावनाहरू कुल्चिइन्छन् । यस्ता कविहरू स्वार्थी त हुन् नै, तर त्यो स्वार्थ आत्मप्रकाशको होइन, आत्म मोहको हुन्छ। साँचो कविले अरूलाई होच्याएर होइन, बुझेर लेख्छ । सहानुभूति, आलोचना र आत्मसमीक्षा उसले एकसाथ बोक्छ। अँ, एउटा कुरो चाहिँ होला, मेरो सिर्जनाले पाठकको माया पाओस् भन्ने स्वार्थ ।

२. **भित्र मनमा प्रचारको भोक राख्नु पनि स्वार्थ हो नि होइन र ?**

✍ हो, स्वार्थ हो । सिर्जनाले प्रचार पाओस् भन्ने स्वार्थ त सबैको हुन्छ । यो स्वार्थ अपराध त होइन । हरेक स्वार्थ नकारात्मक हुँदैन । प्रचारकै लागि आत्माभिमान त्यागेर, उत्तरदायित्व बिर्सिएर लेख्नु चाहिँ कविको गुण हो इन । लेख्दा हामी आफ्नो भित्री आवाजलाई सुनाउन चाहन्छौँ, त्यसलाई अरूले बुझून् भन्ने चाहना हुन्छ । त्यो प्रचारको भोक जस्तो लागे पनि म यसलाई व्यक्तिगत प्रसिद्धि होइन, प्रभाव र सोच फैलाउने असल इच्छा मान्दछु । प्रसिद्धि खोज्नु र गहिरो प्रभाव पार्ने चाहना राख्नु फरक कुरा हुन् जस्तो लाग्छ । म आफ्ना कविताद्वारा कसैको मनमा थोरै भए पनि असर पार्न चाहन्छु, त्यो मेरो सृजनात्मक स्वार्थ हो । त्यसैले प्रचारको भोक स्वार्थ त हो, तर जिम्मेवारी पनि हो ।

३. **पाठकको प्रतिक्रियाको पनि भोको हुनुहुन्छ नि है ?**

✍ पाठकको प्रतिक्रिया सुन्न पाउनु लेखकका लागि जीवन्तता हो । कविता, कथा इत्यादि लेख्दा हाम्रो मनसँग संवाद गर्ने कोही चाहिन्छ । पाठकको प्रतिक्रिया नआएपछि लेखाइ अधुरोजस्तो लाग्छ ।

तर, म प्रतिक्रियाको भोकलाई ठुलो दवाव वा स्वार्थका रूपमा होइन, सिर्जनालाई सुधार्ने र संवाद बढाउने माध्ययमको रूपमा लिन्छु । पाठकले बुझ्न सकेका छैनन् भने पनि त्यो चुनौती हो, जसले मलाई अझै लेख्न प्रेरित गर्छ । अनि कसैले नदेखोस्, नबुझोस् भन्ने चाहनाले होइन, कसैले देखून् र गहिरिएर बुझून् भन्ने इच्छाले लेखिन्छ । सर्जकको यात्रा एक्लै सुरु हुन्छ, तर त्यो यात्रा पूर्ण तब मात्र हुन्छ जब कोही त्यस यात्राको लहरमा समावेश हुन्छ । तर म प्रतिक्रियामा रमाएर होइन, सुधार भएर अघि बढ्न चाहन्छु । यो भोक सस्तो वाहवाहीको भोक होइन, इमान्दार संवादको खोजी हो । म आलोचना पनि चाहन्छु, तर त्यो आलोचना विचारले पोषित होस्, पूर्वाग्रहले होइन । सृजनात्मक यात्रामा प्रतिक्रिया गन्तव्य होइन, साथी हो ।

४. **तपाईँ युवा पुस्ताको चिनाउन लायक कवि, साहित्य अकादमीको**

**युवा पुरस्कार पनि पाउनुभएको छ । अरूका कविताका किताब कति पढ्नुहुन्छ ? प्रिय कवि को–को हुन् ?**

✍ मलाई कहिलेकाहीँ लाग्छ– कविता त मैले लेख्नुभन्दा पहिले नै मभित्र जन्मिइसकेको थियो । त्यो जन्मिएको कवितालाई पहिचान दिने काम भने अरूका कविताले गरे । पढ्नु मेरो लागि लेख्नुभन्दा कम महत्वको काम होइन ।

म नेपाली भाषाका धेरै कविहरूलाई पढ्छु । हरिभक्त कटुवालका असन्तोष, भँगालिएको भावको सौन्दर्य र आत्मसङ्घर्षले मलाई छुन्छ । भूपि शेरचनले समाजको कठोर यथार्थलाई सहज भाषामा उतार्ने कला सिकाएका छन् । अविनाश श्रेष्ठका भावुक पातालहरू, गिरीका जातीय भावनाका छटाहरू, अनि रुद्र बरालका कविताका विद्रोही र व्यंग्यात्मक स्वरहरू मलाई सधैँ पढिरहन मन लाग्छ । मैले विकाश गोतामेबाट निर्भिकता सिकेँ ।

त्यस्तै, इन्दुप्रभा देवीका लेखनमा स्त्रीको मौनता र पीडा भेट्छु, मोहन सुवेदीका कविताका बिम्बहरूले म आकर्षित छु । धर्मेन्द्र उपाध्यायका कविताका लोकजीवनका विविध पक्षहरूको समायोजन मन पर्छ । उनीहरूको लेखाइ मेरो लेखाइको भूमि तयार पार्ने प्रयत्नहरू हुन् । मनप्रसाद सुब्बाको कवितामा म विषय र संरचनागत विविधता पाउँछु । राजेन्द्र भण्डारीका कविताहरूका सरलताभित्रका गहनताले मलाई सोच्न वाध्य गराउँछ । पारिजातका कविताले स्त्री चेतना, सामाजिक जटिलता र भित्री विमर्शलाई शब्द दिन्छन् । पवित्रा लामाका कवितामा रहेका किनारिकृतहरूको स्वर र सुस्केराले मेरो मन आन्दोलित हुन्छ । अरू त के म नवीन कविहरूमा हिरण्य पौडेलका कविता पनि चाख मानेर पढ्ने गर्छु, पढ्छु । यी कविताहरूको अध्ययनले मलाई कविताको विषय चयन, भाव संरचना परिपाटी, सैद्धान्तिक आधार, शैली निर्माणमा सहयोग पुऱ्याएको छ ।

नेपालीसँगै म हिन्दी साहित्य पढ्न रुचाउँछु । जसमा प्रेमचन्दको लेखाइ

मेरो लागि केवल कथा होइन, विचार हो । समाजका कान्लाहरूमा बसेर उनले देखेको यथार्थ आज पनि मेरो लेखनको सन्दर्भ बन्छ ।

साहित्य अकादमीको युवा पुरस्कार पाउनु मेरो लागि उपलब्धि मात्र होइन, जिम्मेवारी पनि हो । उक्त मान्यताले मलाई अझ गहिरो रूपमा लेख्न र निरन्तर पढिरहन प्रेरित गरिरहेको छ । त्यो पुरस्कारले मेरो लेख्ने बाटोलाई 'मान्यता' मात्रै दिएन, मैले उत्साहका साथ गर्दै गरेको यात्रालाई पनि 'संलग्नता' को मोहर लगायो ।

पढ्नु, लेख्नु र पुरस्कार, यी तीनै कुरा मेरो साहित्यिक जीवनका सेतु हुन् । म ती सेतुभरि हिँडिरहेकी छु, कहिले पाठक भएर, कहिले सर्जक भएर ।

५. **जातको कुरा गर्‍यो सीमान्तकृत समुदायका लागि लेख्ने कवि भयो, पुरुषको विरोध गर्‍यो नारीवादी क्रान्तिकारी कवि भयो । वास्तवमा क्रान्तिको भाषा बोकेको कविता कस्तो हुनुपर्छ तपाईँको विचारमा** ?

✍ कविता कुनै ब्यानर होइन, विचारको व्याकुलता हो । त्यसैले त्यो स्वाभाविक रूपमा कहिले नारीवादी बन्छ, कहिले वर्गचेतनशील, कहिले जातीय स्वरको वाहक । तर, साँचो अर्थमा क्रान्तिको भाषा बोकेको कविता त्यो हो– जसले आँखा चिम्लिएर हिँडिरहेको समाजलाई आँखा खोल्न बाध्य पार्छ ।

आज 'जात', 'लिङ्ग', 'धर्म', 'भाषा' भन्ने शब्दहरूले राजनीतिक दाउपेच र औजारको काम गरे जस्तो अर्थ बोकेको देखिन्छ, तर कविका लागि यी केवल मुद्दा होइनन्, जनताको भोगाइ हुन् । त्यसैले जब म कविता लेख्छु, म कुनै श्रेणी प्रमाणित गराउने उदेश्यले लेख्दिनँ । तर, समाजका विसङ्गतिहरूको विरोधमा कविताले बोल्छ, जब अधिकार र समानताका कुरा आउँछन् त्यो वादमा पर्‍यो भने त्यसमा मेरो आपत्ति छैन ।

क्रान्तिकारी कविता भन्नेबित्तिकै ठुला नारा र आवेगपूर्ण भाषाको अपेक्षा गरिन्छ । तर क्रान्तिको सबैभन्दा गहिरो भाषा कहिलेकाहीँ शान्त हुन्छ, एक स्त्रीको मौन प्रश्नजस्तै, एक दलितको नजरबाट बगेको आँसुजस्तै ।

मेरा लागि क्रान्तिकारी कविता त्यो हो जसले सत्ता होइन, पीडितका आँखामा स्थिर भएर हेर्छ । जसले सहानुभूति होइन सह-अनुभूति खोज्छ, जसले पाठकको मनमा प्रश्न उब्जाउँछ, अनि उत्तर त्यहीं खोज्न बाध्य बनाउँछ। कविता परिवर्तनको औजार हो भने, त्यो परिवर्तन केवल नारामा होइन, मनोविज्ञानमा पनि देखिनुपर्छ। त्यसैले म भन्न चाहन्छु– क्रान्तिको भाषा बोकेको कविता कराउने मात्रै होइन, सोच्न बाध्य पार्ने हुनुपर्छ।

६. **तपाईंको विचारमा सेक्स के हो ? यस विषयमा धेरै महिला लेखकले धेरै नै बोलेका छन्। तपाईंले पक्कै पढ्नुभएकै छ भन्ने कुरामा म विश्वस्त छु। यौन र सेक्सबारे कवि नैना अधिकारीका कुरा सुनाउनुस् न है।**

✍ म यौनलाई केवल शरीरको विषय होइन, चेतनाको पनि विषय मान्छु। तर म  खुल्ला यौन लेखनभन्दा बढी बलात्कार, यौन हिंसा र त्यसका सामाजिक-मानसिक प्रभावहरूबारे लेख्ने प्रयासमा छु । मैले यौन स्वतन्त्रताको होइन, जबर्जस्तीको विरोधमा लेखेकी छु र त्यो विरोध मेरो कविताको क्रन्दन बनेर आएको छ। बलात्कारबारे लेख्दा मैले देखेकी छु- कविताले मात्रै पीडितको आवाज बोल्न सक्छ, जसलाई समाजले मौन बनाइराख्न खोज्छ। त्यो लेखाइ मेरा लागि सहज थिएन। तर, म चुप लाग्न सक्दिन थिएँ, किनभने त्यो मौनता स्वयं अपराधप्रति मौन समर्थन जस्तो लाग्थ्यो।

सेक्स निजी इच्छा, सहमतिमा आधारित सम्बन्ध हो। तर बलात्कार त्यो सहमतिको उल्लङ्घन, सत्ता र पितृसत्ताको हिंस्रक रूप हो।

त्यसैले मेरा कवितामा यौनको सौन्दर्य होइन, त्यसको अपमान विरुद्धको प्रतिरोध पाइन्छ।

आजका महिला लेखकहरूले यौनिकताको अनेक आयाममा लेखिरहेका छन्, जुन समाजमा महत्वपूर्ण चेतनाको लहर हो। यो दमित कामेच्छाको आक्षरिक प्रतिरूप पनि हुन सक्ला। तर म त्यो लहरमा सहभागिता भन्दा पहिला आफ्ना कवितालाई पीडितको पक्षमा खडा गरिरहेकी छु।

७. **मैले कतै पढेको थिएँ, कविहरू कवितामा उदार र विद्रोही हुन्छन् तर व्यवहारमा एकदमै सानो मन भएका र सानो चित्तका छन्। के तपाईं यस कुरालाई अनुमोदन गर्नुहुन्छ ?**

✍ यो भनाइमा केही यथार्थता छ, तर यसले सम्पूर्ण सर्जक समुदायको प्रतिनिधित्व गर्दैन। साहित्यले मनलाई विशाल बनाओस् भनेर लेखिन्छ, तर त्यो विशालता व्यवहारमा झल्किनु सधैँ सम्भव नहुन सक्छ।

कविता एउटा आदर्श सन्दर्भ हो, जहाँ लेखकले आफूले चाहेको समाज, प्रेम, विद्रोह र न्यायको कल्पना गर्छ। तर व्यवहार भने दैनिक जीवनको जटिलता, ईगो, डर, असुरक्षा र असहमतिहरूको मिश्रण हो।

कविता कति उदार छ भन्ने कुरा त्यो कविको आन्तरिक चाह हो, तर व्यवहार कति उदार छ भन्ने कुरा त्यो कविको आत्मसङ्घर्ष हो।

व्यक्तिगत रूपमा यस्ता व्यवहारिक साना कुराले कहिलेकाहीँ दुःखी बनाउँछ। कुनै लेखकले क्रान्तिको कुरा गर्दागर्दै स्त्री लेखनलाई हेय दृष्टिले हेरेको, समानताको कुरा गर्दा, गरिँदा जातको घेराभित्र कैद भएको दृश्यहरू देखेकी छु। तर, त्यसले मलाई निराश होइन, अझ लेख्न प्रेरित गर्छ। त्यसैले म भन्न चाहन्छु– सिर्जना र व्यवहारबिचको दुरी स्वीकार गर्न सकिन्छ, तर त्यो दुरी घटाउँदै लैजानु नै लेखकको आत्म-सुधार हो। कविको वक्तव्य र व्यवहारमा मेल चाहिन्छ।

८. **मैले केही दिनअगाडि एकजना साथीसँग बसेर कफी खाएको थिएँ। उनी भन्दै थिए, 'उदार समाजकी महिला मेरो तागतभन्दा बाहिरको कुरा हो। त्यसैले मैले अहिले नै बिहेबारे सोचेको छैन।' यस पुरुष साथीको विचार अहिले प्रगतिशील भनिन चाहने नारी मित्रहरूप्रतिको कटाक्ष हो वा उसले उसकै कमजोरी लुकाउन यसो भनेको हो ? यसबारे तपाईं सचेत र सशक्त कवि मित्रबाट केही विचार सुनौँ न है।**

✍ यो सन्दर्भ सुन्दा मलाई लाग्यो उहाँका शब्दहरूमा आफ्नो डर लुकेको छ। उदार महिलासँग सम्बन्ध राख्न नसक्नु भनेको पुरुषको कमजोरी हो, सामाजिक रूपमा सक्षम, आत्मनिर्भर, आफ्नो अधिकारप्रति सजग

महिलासँग बस्ने आँट नहुनु हो ।

यो कुनै कटाक्ष मात्र होइन, गहिरो मानसिक संरचनाको झल्को हो, जहाँ धेरै पुरुषहरू स्वतन्त्र महिलालाई इन्सिक्योरिटीका रूपमा लिन्छन् ।

उनीहरू आफूलाई नेतृत्वकर्ताको भूमिकामा मात्रै सहज अनुभव गर्छन्, बराबरीको भूमिकामा असहज । अनि जब यस्तो असहजता आउँछ, त्यसलाई 'उदार महिला मेरो तागतभन्दा बाहिरकी' भनेर मन्तव्य गरिन्छ । तर म भन्छु- उदार महिला तपाईंको तागतभन्दा बाहिर होइनन्, तपाईंको अहङ्कारभन्दा बाहिरको मान्छे हुन् ।

जबसम्म सम्बन्ध बराबरीमा टिक्दैन, तबसम्म विवाहको कुरा नगरेकै राम्रो होला ।

साँचो अर्थमा स्वतन्त्र स्त्रीसँग सम्बन्ध बनाउनु भनेको आफूभित्र पनि परिवर्तनको साहस राख्नु हो । जसको हिम्मत छ, ऊ मात्र उदार प्रेममा बाँधिन सक्छ ।

९. **मेरो मनमा एउटा कुराले कहिलेकाहीँ तापमान बढाउँछ, त्यो कुरा हो– मैले लेख्न छोड्दा कसलाई के फरक पर्छ र ? तपाईंलाई यो प्रश्न सोध्न मन लाग्यो कविजी– तपाईंले लेख्न छोड्दा कसलाई के फरक पर्छ र ?**

✍ साँच्चै भन्नुपर्दा, मैले लेख्न छोडेँ भने सायद संसारको कुनै ठुलो मेकानिजम रोकिँदैन, कुनै समाचार बन्द हुँदैन, बजार घट्दैन । तर, मलाई मेरो अन्तरमन थामिएजस्तो हुन्छ । लेखन मेरो सासजस्तै छ । मैले त्यसलाई थिचेँ भने, म आफै कुहिन थाल्छु ।

रचनाहरू केवल प्रकाशनका लागि मात्र होइनन्, आफू बाँचिराख्न पनि लेखिन्छन् । मैले लेख्न छाडेँ भने पहिलो चोट मलाई पर्छ, अनि त्यसपछि सायद तिनलाई- जो मेरो कवितामा आफ्ना आँसु, आफ्ना लाज, आफ्ना विद्रोहहरू देख्छन् ।

जुन बेला कुनै पाठक लेख्छ– "तपाईंको कविताले मलाई बोल्न हिम्मत दियो," त्यही क्षण मलाई लाग्छ लेख्न नछोड्नुको अर्थ त्यहाँ छ ।

त्यसैले भन्छु– संसारलाई फरक पारोस् वा नपारोस्, म लेख्छु किनकि

लेखनमै म छु। मेरो अस्तित्व छ।

१०. **नेपालतिर यो प्रश्न उठिरहन्छ, त्यता असमको मलाई थाहा छैन। के तपाईंले साहित्यिक माहोलमा नै साहित्य कर्म गर्दागर्दै पनि यौन पीडा वा यौनहिंसा महसुस गर्नुभएको छ ? यस सम्बन्धमा तपाईंको अभिमत सुनौँ न है।**

✍ मैले यौन हिंसाको प्रत्यक्ष अनुभव त गरेको छैन, तर महसुस अवश्य गरेकी छु। वातावरणको, दृष्टिकोणको, चुपचाप रोपिएको हिंसाको।

कहिलेकाहीँ कुनै लेखकले बोलेको प्रशंसा पनि शरीरमाथिको टिप्पणीजस्तो लाग्छ। कुनै कार्यक्रममा पढिएको कविता सुनेपछि 'नारी भएर यस्तो लेखिछौ ?' भन्ने टिप्पणीले आत्मा नै चिसो बनाउँछ। ती शब्दहरूमा पनि हिंसा मिसिएको हुन्छ, सुरुचिपूर्ण भाषामा, तर गहिरो चोट दिने ढङ्गले।

मैले र मजस्तै अरू युवतीहरूले फेसबुकमा कविता वा रचना राख्दा, 'धेरै लाइक त तिमीहरूलाई सुन्दर भएर हो' भन्ने जस्ता भनाइहरू पनि सुनेका छौँ। यस्तो दृष्टि साहित्यिक मूल्य होइनन्, बाह्य रूपलाई केन्द्रमा राख्ने सोच हुन् र त्यो सोचले सिर्जनाभन्दा अगाडि शरीर खडा गर्छ। यो पनि असहज बनाउने, आत्मालाई सङ्कोचमा पार्ने हिंसाकै एक रूप हो।

साहित्यिक वृत्तले जुन विचारको उज्यालो बोकेको देखिन्छ, कहिलेकाहीँ त्यही वृत्त स्त्री सर्जकका लागि असहज, असुरक्षित र मौनतामा बाँधिएको क्षेत्र बन्न सक्छ।

म विश्वास गर्छु यौन हिंसा केवल शरीरमाथि होइन, आवाजमाथि पनि हुन्छ। जब कुनै महिलाले यौनिकता, शरीर, पीडा वा विद्रोहबारे लेख्छे, त्यसलाई हेर्ने दृष्टि यदि उत्सुकताको आँखाबाट हुन्छ भने, त्यो पनि हिंसाकै एक रूप हो।

मेरो साहित्यिक यात्रामा म प्रायः यी दृष्टिहरूसँग लडिरहेकी हुन्छु। कहिले काहीँ चुप लागेर, कहिलेकाहीँ लेखेरै प्रतिरोध गरेर। अनि मलाई लाग्छ यी अनुभवहरू बोलिनुपर्छ। किनभने हिंसा चुप लागेर कहिल्यै रोकिँदैन,

लेखेर र बोलेर मात्र यसको किनारा खोज्न सकिन्छ ।

११. **भारतमा नेपाली भाषामा लेख्ने नारी लेखकहरूको अवस्था कस्तो छ ? श्रीमान्को नामले चिनिएका नारी लेखक बढी छन् भनेर एक थरीले भनेका पनि रहेछन् । यस विषयमा म अनभिज्ञ छु । तपाईंको विचार सुनाउनुहोस् न है ।**

✍ यो प्रश्नमा पीडादायक यथार्थ लुकेको छ । भारतमा नेपाली भाषामा लेख्ने नारीहरूका लागि दोहोरो सङ्घर्ष छ। पहिलो भाषाको सीमारेखाभित्र बाँच्नुपर्ने सङ्घर्ष, दोस्रो, स्त्री स्वरलाई स्थापित गराउने निरन्तर प्रयास ।

'श्रीमान्को नामबाट चिनिने लेखिका' भन्ने भनाइ धेरै अर्थमा असहज बनाउने कुरा हो । म त त्यस्तो स्थितिमा छैन । म श्रीमान्को नामबाट चिनिन चाहन्नँ, न त उहाँले मेरो पहिचानमा दाबी गर्नुहुन्छ। तर साँचो कुरा त के हो भने कतिपय साहित्यिक समारोह वा औपचारिक स्थानमा मलाई अझै पनि भनिन्छ, "श्रीमान् को हुनुहुन्छ ?" र कतिपटक म आफैंलाई चिनाउन, सहज संवादको लागि, 'मेरो श्रीमान् फलानो हो' भन्नुपर्छ। त्यो क्षण मलाई असजिलो लाग्छ । किनकि मेरो परिचय मेरो सिर्जनाबाट होइन, मेरो वैवाहिक सम्बन्धबाट प्रमाणित गर्नुपऱ्यो जस्तो लाग्छ ।

हामी अहिले पनि एउटा यस्तो संस्कारबाट गुज्रिरहेका छौँ जहाँ नारीको लेखनले आफ्नै परिचय बनाउन सङ्घर्ष गर्नु परिरहेको छ पुरुषको छायाँबाट बाहिर निस्कन । कतिपय दृष्टिमा 'लेखिका' हुनु भनेको अझै पनि एक किसिमको निर्भरतासँग जोडिएको भूमिकामा अड्किएको छ ।

तर, म आशावादी छु । नयाँ पुस्ताका धेरै महिला लेखकहरू अब आफ्नै स्वरमा, आफ्नै नाममा, आफ्नै उपस्थितिमा अगाडि आइरहेका छन् । नारी लेखन अब श्रीमान्को पहिचानको आडमा होइन, आफ्नै भाषा र प्रश्नको बलमा अगाडि बढिरहेको छ ।

हामीले लेखिकालाई अब 'कसको श्रीमती' भनेर होइन, 'कुन कृति लेख्ने लेखक हो' भनेर चिनाउन सुरु गर्नुपर्छ ।

१२. **तपाईं कवि हो कि समालोचक नैनाजी ? कुन कित्तामा सुरक्षित महसुस गर्नुहुन्छ ?**

✍ म पहिले कवि हुँ । कविताले मलाई आत्माको आवाज दिन्छ । अनकंटार अनुभूतिहरूलाई भाषा दिन्छ । कविता मेरो अन्तर्यात्राको पुल हो, जुन पुलमा हिँड्दा मलाई लाग्छ, म छु, म बाँचिरहेकी छु । तर, समयक्रममा समालोचना पनि मेरो लागि एक किसिमको उत्तरदायित्व बनेको छ । र विभिन्न पुस्तकहरू पढ्ने, विश्लेषण गर्ने, प्रश्न उठाउने कार्य पनि मैले सुरु गरेकी हुँ । किनभने सिर्जनात्मक लेखन जत्तिकै, आलोचनात्मक दृष्टिकोण पनि आवश्यक हुन्छ, यसले साहित्यलाई गति दिन्छ, पुस्तकहरूलाई चर्चामा ल्याउँछ, बहस जन्माउँछ । तर मैले सुरक्षित अनुभव गर्ने कुरा भने कवितामै हो । समालोचना लेख्दा कहिलेकाहीँ मलाई लाग्छ, अपरिचित क्षेत्रको कानुनी वकिलजस्तै छु, जसले अरूका भावना र सिर्जनामा शिष्ट र सजग ढङ्गले प्रवेश गर्नुपर्छ । कविता भने मेरो आफ्नै कोठा हो, जहाँ म आफूलाई खुला र स्वाभाविक अनुभव गर्छु । कविता मेरो आत्मा हो, समालोचना मेरो विवेक । दुवैमा म छु, तर कविता मेरो पहिलो घर हो ।

प्रस्तुति : कार्तिकेय


## साहित्यिक पत्रपत्रिका पढ्ने गरौं

**रचना, अभिव्यक्ति, हाम्रो पुरुषार्थ, दायित्व, शिवपुरी सन्देश, जनमत, सुलेख, शब्दाङ्कुर, कौशिकी, शृङ्खला, नवप्रज्ञापन, अक्षरमार्ग, जमघट, चेतना सन्देश, कल्पतरु, आलेखन, नारीस्वर, रजस्थल, कपन वानेश्वर, दोभान, वैजयन्ती, शब्दसंयोजन, वनिता, अभिनव, कथालिका, संगम, अभियान, आलेख आदि साहित्यिक पत्रिकाहरु पढ्ने गरौं ।**

***साथै अनलाइनमा साहित्य पोस्ट डटकम, स्वर पत्रिका डटकम र केटाकेटी अनलाइन डटकम बालपत्रिका पनि पढ्ने गरौं ।***

(समालोचना)

# कविता, विद्रोह, राजनीति र नैनाका कविता

- रुद्र बराल, असम, भारत

**आमुख :**

प्रसङ्ग - नैना अधिकारीको नवीनत्तम काव्यकृति 'घात-प्रतिघातका उद्‌गारहरू' भित्रका कविताहरूको केही विशेष पक्षको विश्लेषण हो । उनको मूल पाठको विश्लेषणको गहिराईमा पौडनुअघि कविता, विद्रोह र राजनीति सन्दर्भका केही कुराहरू कोट्याउन मन लाग्यो । यस आलेखमा प्रसङ्गको डोरी समाएर कविता विश्लेषणको क्रममा पनि केही परसम्म तन्किने प्रयास गरेको छु ।

कविताको परिभाषा, स्वरूप र उद्देश्य सन्दर्भमा पूर्व र पश्चिमका साहित्यसाधक तथा कला समालोचकहरूले धेरैखाले विचार राखेका छन्, परिभाषा तोकेका छन् । तर यी कुनै परिभाषाले कवितालाई बाँधेर राख्न सकेको छैन । यी हरेक परिभाषामा कतै न कतै अपूर्णता छ र त्यही अपूर्णताको बाटो समाएर कविता भागेको भागै छ । 'कविता कस्तो हुनुपर्छ' सोझो प्रश्न गर्नु हो भने सायद धेरै कविता पढ्ने पाठक पनि अकमक्क पर्ला । तर ऊ जान्दछ - 'कविता राम्रो हुनुपर्दछ' । यो राम्रोसँग उसलाई कविताको धाराको सरोकार छैन । उसलाई सरोकार छ कविताको सम्प्रेषणीयता, गेयात्मकता, कवितामा धेरै बेरसम्म उसको मनलाई आन्दोलित गराइरहन सक्ने क्षमता । उसले कवितामा जानी जानी होस् वा अञ्जानमै होस्, आफूलाई खोज्छ, आफ्नो समय र आफ्नो परिवेशलाई खोज्छ । सायद त्यसैले अंग्रेज दार्शनिक, साहित्यकार जी.के.

चेस्टरटनले भनेका हुन् - "What the world wants, what the world is waiting for, is not Modern Poetry or Classical Poetry or Neo-Classical Poetry — but Good Poetry." - G. K Chesterton.

पृथ्वीले चाहेको र अपेक्षा गरेको कविता भनेको आधुनिक कविता, शास्त्रीयतावादी कविता अथवा नव्यशास्त्रीयतावादी कविता होइन - एउटा राम्रो कविता हो। कविताको सन्दर्भमा माथि उल्लेख गरिएका कुराहरू साँचा हुन् भने असम, भारतको कामरूप मेट्रो जिल्लाअन्तर्गत खेत्रीकी नवीन कवि नैना अधिकारीका कविताहरू राम्रा हुन्, “घात प्रतिघातका उद्गारहरू’ राम्रा कविताहरूको संगालो हो।

**कविताको बजार** :

कवि जब कविता लेख्न बस्छ ऊ मनभित्रको उथपपुथलहरुलाई, आँखाअघिका घटनाहरूलाई भाषाको माध्यमद्वारा शब्दको मालामा उनेर पाठकसमक्ष प्रस्तुत गर्दछ। उसको ध्यान कविताको बजारमा होइन, भावको विशिष्ट प्रकाशमा रहन्छ। तर, कविता प्रकाशित भएपछि कविताले आफ्नो पाठक आफैँ खोज्छ, बजार आफैँ सृष्टि गर्छ। अधिकभन्दा अधिक पाठकको माया पायो भने त्यो कृति एक सफल कृति बन्न पुग्छ। नैनाको कविता सङ्ग्रहको बिक्रीले पन्ध्र दिनमै सबै रेकर्ड तोड्नु र लगानी सबै उठ्नुले यो पुस्तकको लोकप्रियता प्रमाणित गर्दछ।

**घात प्रतिघातका उद्गारहरू बारे** :

सन् २०२२ को जनवरी १६ तारिख विमोचन भएको प्रस्तुत पुस्तकमा कुल ४० वटा कविता समेटिएको छ। पूर्वायण प्रकाशन, पान बजार गुवाहाटीले प्रकाश गरेको र बाक्लो जिल्दसहितको सुन्दर आवरण पृष्ठ भएको यस कृतिको मूल्य भारु १७०/- रुपियाँ तोकिएको छ। प्रस्तुत पुस्तकमा असमका चर्चित युवासमालोचक लक्ष्मण अधिकारीको भूमिका रहेको छ भने भारतेली नेपाली साहित्यका होनहार कवि राजा पुनियानीले “नैनाका कविता : दुबो विचारहरूको जोहो”, प्रख्यात कवि, उपन्यासकार डा. इन्दु प्रभा देवी तथा दार्जिलिङकी चर्चित कवि, उपन्यासकार पवित्रा लामाले “नैनाको दायित्वशील काव्यिक यात्रा” शीर्षकमा शुभकामना सन्देशहरू लेखेर प्रस्तुत पुस्तकको

गरिमा बढाएका छ्न् ।

**विद्रोह सामाजिक प्रतिबद्धता र कविता :**

कवि नैना भन्छिन् - "कविताद्वारा समाजका विभिन्न समस्या, विसङ्गति आदि उजागर गर्न सक्ने कलात्मक क्षमता कविमा हुनुपर्छ जस्तो मलाई लाग्छ ।"

यसरी उनले आफ्नो भनाइमै उनी एक समाज प्रतिबद्ध कवि हुन् भन्ने घोषणा गरेकी छ्न् र उनका चालिसवटा कविताका अधिकांश कविताले उनको यस उक्तिको समर्थन गरेको पाइन्छ । यो भनाइ यसै सङ्कलनभित्रको कविता **कविताको खेती** मा फेरि यसरी दोहोरिएको छ -

*अमूल्य ती सुनौला शब्दबीजहरू*
*अब हुङ्कार बन्नेछन्*
*भुँडीको भोक निभाउन*
*आशाका दाना बन्नेछन्*
*व्यभिचारको लास जलाउन*
*चिताको आगो बन्नेछन्*
*हकको आवाज बन्नेछन् ।*

भनिन्छ - व्याधाको निष्ठुर वाणले एउटा निरीह क्रौञ्च पन्छीको प्राण लिएपछि वाल्मीकिका मनमा उब्जिएको दुःखबाट उत्पन्न शब्दहरू विद्रोहको भाका बोकेर अभिव्यक्त हुन्छ्न् । हामी पूर्वेलीहरू वाल्मीकिका यही अभिव्यक्तिलाई संसारको पहिलो कविता हो भन्ने दावी गर्छौं । श्लोक यस प्रकार छ -

***मा निषाद प्रतिष्ठां त्वमगमः समाः।***
***यत्क्रौञ्च्चुनादेकमधिः काममोहितम ।।'***
***मा निषाद प्रतिष्ठा त्वमगमं शांवती सामं यत***
***क्रौंचामिथुनादेकम अवधी काममोहितम् ।।***

(तिमीलाई अनन्त कालसम्म कुनै शान्ति मिल्ने छैन/तिमीले प्यार र बेपरबाहमा एक पन्छीको हत्या गऱ्यौ)

क्रोधित र शोकाकूल वाल्मीकिको मुखबाट स्वतः यो श्लोक निस्किएको

हो । यसरी विद्रोहको स्वरबाटै संसारको पहिलो कविता(?)को मुहान् फुट्छ। यो स्वर कहिले मुखर भएर आएको छ त कहिले फल्गुधाराझैँ भित्रभित्रै बगेको छ। कि पूर्वेली कि पश्चिमेली, हिजो होस् वा आज सधैँ र सबैतिर कविता दुःख बिसाउने चौतारी र विद्रोह पोख्ने माध्यम बनेको देखिन्छ।

स्वच्छन्दतावादी कविहरू भावुक र प्रकृतिप्रेमी हुन्छन् भन्ने हाम्रो पूर्वाग्रह रहन्छ। उनीहरूभित्रको विद्रोही मनलाई प्रायः उपेक्षा गरिन्छ। तर उन्नाइसौं शताब्दीका अंग्रेजी साहित्यका स्वच्छन्दतावादी कवि पी.बी. शेलीले पनि आफ्ना कविताहरूमा विद्रोहको स्वर ओकलेका छन्। **पीटरलु नरसंहार** ख्यात हत्याकाण्डको विरोधमा जनतालाई सिंहको गर्जिदै निस्कन आह्वान गरेका थिए। सन् १८१९ को १६ अगस्टका दिन मनचेस्टरको सेन्ट पीटर फिल्डमा आयोजित कट्टरपथीहरूको एक बैठकमा सेनाद्वारा अप्रत्यासित हमला गरेर एघार व्यक्तिको हत्या र पाँच सय भन्दा ज्यादा व्यक्तिलाई घायते बनाइएको थियो। यसको विरोधमा शेलीभित्रको ज्वालामुखी यसरी उद्गारित भएको छ -

"Rise, like lions after slumber
In unvanquishable number!
Shake your chains to earth like dew
Which in sleep had fallen on you:
Ye are many—they are few!"

हो, संसारको कविताको इतिहासका पन्ना पल्टाउनु हो विद्रोहको स्वर ओकेलेरै कविता जन्मिएको हो, विद्रोहको राँको बोकेरै हुर्किएको हो कविता। कविताको जन्म र विकासको इतिहास पल्टाएर तटस्थ आँखाले हेर्दा यही कुरा पुष्टि हुन्छ। वाल्मीकिदेखि शेलीसम्म, पुस्किनदेखि नजरुल सम्म। आजको कवितामा अर्तर्निहित कथनले पनि यसैको सत्यता प्रतिपन्न गर्दछ - युगीन यथार्थको प्रकटीकरण र विद्रोहको स्वर। समाजमा व्याप्त दुःख, वेदना, अपूर्ण आशा-अभिलाषा, अन्याय-व्यभिचार, उपेक्षा, शोषण, कुपोषण, मानवताहीनता आदि कारक तत्वहरूको पाठेघरमा अंकुरित हुन्छ विद्रोहको भ्रुण, विरोध र प्रतिरोधको चाहना। यस्तै विकृति र विसङ्गतिको अन्त्यको कामना गरेर कविको कलमले आगो ओकल्छ, चेतनाको तुणबाट व्यंग्यवाण

झिकेर कसेर ठोक्छ। यसरी सामाजिक प्रतिकूलताहरूले विद्रोह र प्रतिरोधलाई अनुकूलता प्रदान गर्दछन् । यसैले हामी विद्रोह गर्नेलाई होइन, विद्रोह गर्नुपर्ने वातावरण जन्माउने कारकको विरोध गर्छौं । व्याधाको ऋुरताको विरोधमा वाल्मीकिको मुखबाट निस्किएका उद्‌गारहरूको लागि हामी वाल्मीकिलाई दोषी ठान्दैनौँ, व्याधालाई ठान्दछौँ ।

**कविता र राजनीति** :

कवि वा कविकर्म राजनीति निस्पक्ष हुनुपर्छ भन्ने मान्यता पनि अविवादित होइन । चेतन वा अवचेतन जे रूपमै नहोस् कविको सिर्जना राजनीतिसँग मुछिएको हुन्छ । जब अस्तित्वको कुरा लेखिन्छ, किनारीकृतको आवाज बोलिन्छ, बेकारीको छ्टफटाहट उतारिन्छ, श्रमिक र किसानहरूको दुःखको जरो खोदलिन्छ, जब नारी सशक्तीकरणको स्वर उरालिन्छ कविता स्वतः राजनितिक बन्न जान्छ। यो राजनैतिक असन्तुष्टि र आक्रोश पोख्ने तरिका भने भिन्न कविको भिन्नभिन्न हुनसक्छ। कसैले प्रत्यक्ष वाण हान्छन् त कसैले परोक्ष तरिकाले व्यंग्यको झटारो हान्छन्। नेपाली साहित्यमा युगकविको रूपले ख्यातिप्राप्त सिद्धिचरण श्रेष्ठले उनको लघुकाव्य **आँसु** मा यसरी परिवर्तनका लागि क्रान्तिको चाहना राखेका छन् -

***यतिका अन्याय पाप***
***भूमितलमा बज्रँदा पनि***
***क्रान्तिको लप्का नउठ्नु***
***व्यर्थ मैले ज्यूँछु भन्नु ।***

भाषाविद् महानन्द सापकोटा त झन् वर्गविभक्त सामाजिक व्यवस्थाको अन्त्य चाहँदै भन्छन् -

***शयमा दश पाँच धनी बनिनु***
***अरुले  तिनका करिया गनिनु***
***विधिको यदि यै छ विधान भने***
***अब तो विधिको पनि आयु पुगो ।***

कविता समय समयमा शासकवर्गको पाउमा लम्पसार परेका धेरै प्रमाण पनि हामीसँग छन् । कविताले राजनीति निस्पक्षताको घुम्टो ओढेर कहिले

शासक पक्षको त कहिले जनपक्षको राजनीति गरेकै छ, कहिले राजालाई ढोगेको छ, कहिले अधिकार मागेर जनतालाई विरोधको लागि उकासेको छ । अर्कातिर, सत्ताको परिवर्तन ल्याउन धारिलो कलम लिएर सडकमा उत्रिएका कविहरू पनि हिजो आफूले साथ र सहयोग दिएको नयाँ सरकार जब जब विरोधी बन्छ भोलि उसैको विरोधमा कलम समाएका उदाहरण अनेक छन् । नेपाली साहित्यमा गोपालप्रसाद रिमाल त्यसैको उदाहरण हुन् । आजन्म कांग्रेसी र स्वतन्त्रता संग्रामी ज्योती प्रसादले पनि स्वतन्त्रतापछि कांग्रेसको विरोध गरे र "There is something wrong in the history of Denmark." भने । कवि कुनै राजनैतिक दलको अन्धभक्त होइन, बँधिएको दास होइन । परिवर्तित परिवेश-परिस्थितिमा पूर्वको मान्यतालाई पुनः विवेचना गर्न सक्ने वैज्ञानिक मानसिकता उसमा रहन्छ ।

**नैनाका राजनैतिक कविता** :

कवि नैना अधिकारीका धेरै कवितामा टड्कारो राजनैतिक स्वर छ । यो राजनीति जनपक्षको राजनीति हो । हुन त कवि नैनाले प्रस्तुत सङ्कलनमा राजनैतिक चेत, स्खलित सामाजिक मूल्य र मान्यता, उपभोक्तावादले जकडेको समाजको कहालीलाग्दो चित्र, नारी चेत, पर्यावरणीय चेत, प्रेम-प्रणय, जातीय सरोकारका प्रसङ्गहरू, कोरोनाको कहर, अन्ध विश्वासको चपेटामा परेको समाजको दयनीय स्थिति, वैयक्तिक जीवनका आरोह-अवरोह आदिबाट पनि कविताको कथ्य बटुलेकी छन् । तर, उनका कविताहरू सामाजिक विकृति-विसङ्गतिहरू, वर्ग विभेद, राजनैतिक दाउपेच, लैङ्गिक समस्या आदि विषयमा अधिक मुखर छ्न् । यी कविताहरूमा असन्तुष्टि, क्षोभ, विरोधको स्वर छ र परालको आगो झैँ हुरहुरी नबलेर भुसको आगो भित्रभित्रै बलिरहेको छ । घात-प्रतिघातका उद्गारहरूको केन्द्रीय स्वर नै भ्रष्ट राजनीति र लैङ्गिक विषमताको अवसान हो ।

प्रस्तुत सङ्कलनभित्र रहेको **मेरो गाउँ डिजिटल बन्छ बन्छ** कविता यस्तै एक राजनैतिक कविता हो । चुनावको समयमा राजनैतिक दलले दिएको प्रतिश्रुति र चुनाव जितेपछिको फलश्रुति कवि नैनाले उनका कवितामा यसरी उतारेकी छन् -

*राम्रो दिन आउँदैछ रे !*
*धेरै दिनअघि नै सुनेको*
*तर*
*खोइ कहिले आउँछ ?*
*कुन बाटो आउँछ*
*त्यो गाउँको भत्किएको पुल कसरी तर्छ*
*बाटाभरिको हिलो कसरी टेर्छ*
*कसैले खोलेर भनेनन्*
*सब दाँत चबाएर बसे । (मेरो गाउँ डिजिटल बन्छ बन्छ)*

झुटो प्रतिश्रुतिको विरोधमा सोझो व्यंग्य कसेर कवि नैना फेरि त्यही कवितामा यसरी श्यामव्यंग्य (Black Satire) हान्न पुगेकी छ्न् -

*हेरिराख !*
*खान नपाएर मानिस मरेनन् भने*
*नोकरी नपाएर युवाहरू बहुलाएनन् भने*
*दाम नपाएर कृषक पासो लागेनन् भने*
*पैसा नभएर क्रेता रोएनन् भने*
*परिवर्तन भान्साकोठाको दैलोबाट आउँछ*

*मेरो गाउँ*
*डिजिटल बन्छ बन्छ ।*

नैनाको समय कृषक आन्दोलनले देश थर्काएको समय थियो । कृषक विरोधी ऐनहरू वापस गरियोस् भन्ने मागमा चलेको आन्दोलन प्रायः नौ महिना पुगिसकेको थियो। तर उनीहरूको आवाज कसले सुन्छ ? उनीहरूको मागहरूलाई चुनावी मुद्दा बनाइन्छ, उनीहरूका सपक्षमा नारा लगाइन्छ । तर, शान्तिपूर्ण प्रतिवाद गर्दा गोली खानु पर्छ । कविका भाषामा -

*जय किसान*
*एउटा लोकप्रिय नारा हो*
*जब ऊ हकको आवाज उठाउँछ*

*राजधानीको गोलीले*
*छिया छिया पारिदिन्छ उसको छाती*
*ऊ देशको दुश्मन ठहरिन्छ*
*जो देशको अन्नदाता हो उही*
*उही जसको नाडी छामेर*
*देशको ज्वरो नाप्न सकिन्छ।     (किसान)*

**भोकको च्याँखे** उनको अर्को एक राजनैतिक कविता हो। गरिबी हटाओ को नारा हामीले सत्तरीको दशकदेखि नै सुन्दैआएका हौँ। तर, धनी र गरिबको बिचको दुरी झनभन्दा झन् बढेको छ। मार्क्सले भनेका थिए - गरिबवर्गको समर्थन पाउने आशामा बुर्जुवाहरूले गरिबहरूको भिक्षाको झोली-तुम्बा नै उनीहरूको झण्डामा उडाउने गर्छन्।

भोकलाई च्याँखे थापेर कसरी राजनैतिक लाभ उठाइन्छ त्यसलाई कविले यसरी चित्रित गरेकी छन् -

*भोक*
*कहिले*
*भोकभोकै मर्छ?*
*कसैसँग छ*
*यो हाजिरी जवाफको उत्तर?*
*छ कसैसँग?*
*कि भोकलाई च्याँखे नथापे*
*सत्ताको बागडोर हत्याउन सकिँदैन?"   (भोकको च्याँखे)*

गणतन्त्रमा जनतालाई नै सर्वोपरि मानिन्छ। तर यहाँ जनतालाई छक्याउने, भ्रमित पार्ने, विभाजित पार्ने, आवेगिक बनाउने, लोभ्याउने अनेक कौशल छन्। यिनै कौशलले चुनाव जितेपछि पाँचवर्ष जनतालाई नसम्झे पनि हुन्छ। केवल पाँच वर्षपछि बल्छीमा नयाँ चारो लिएर आउँदा भयो।

*निमुखाहरूको भाग खोसी अघाएर डकार्दै*
*भुँडी छाम्दै गद्दीमा लमतन्न भएर*
*कुम्भकर्णका झैं निद्रामा*

*विलीन थिए हिजोसम्म ।    (व्यस्तता)*

यो चुनावअघिको कुरा हो । अब चुनावको समयमा -

*ब्युँझेर भोकले आतुर हुँदै*
*फेरि धाएका छन् सबैका ढोका ढोकामा*
*चोर औंलाको खोजीमा*
*भोका-नाङ्गाहरूको अथाह सागरमा*
*एकमुठी चारो झुन्ड्याएर*
*बल्छी थाप्ने तरखरमा छन् ।    (व्यस्तता)*

प्रजातन्त्रमा जनताको हाल कस्तो छ त्यसको सजिव चित्रण पाइन्छ उनको **बन्द आँखामा प्रतिबिम्बित चित्रहरूमा** ।

*प्रजातन्त्रको बालीमा मालिक्याइँको हैकम चल्दैछ*
.........................
*ज्यामी र किसानको आवाज बारुदे धुवाँमा उड्छ*
*रक्ताम्मे हुन्छ्न् छातीहरू*
*पुछिन्छन् सिउँदाहरू*
*आश्वासनका वाणीले फाइलमा धुलो खान्छन् ।*

अधिकारप्राप्तिको लडाइँमा राष्ट्रयत्र कतिसम्म क्रुर बन्न सक्छ त्यसैको उदाहरण हो यो कविता ।

नैनाको किसानप्रति मात्र होइन, श्रमिकवर्गप्रति पनि सहमर्मिता छ । एक मे विश्व श्रमिक दिवसको उपलक्ष्यमा लेखेको **मजदुर** त्यस्तै एक कविता हो । सभ्यता निर्माण गर्ने श्रमिकहरूको स्थिति आज दयनीय छ । आफ्नो पाप्य अधिकारबाट बञ्चित श्रमिकहरूले अब अधिकार मागेर होइन, खोसेर लिनुपर्छ । यो उनीहरूको जीवनको अनुभव हो -

*समयले सिकाएको शिक्षा हो -*
*आफ्नो हक पाउनका लागि लड्नु पर्छ भन्ने*
*बिस्तारै थाहा हुँदैछ*
*अधिकार मागेर होइन खोसेर ल्याउने चिज हो ।*

लामो समयदेखि आफ्ना श्रीमान् श्रमिक संगठनसँग संलग्न हुनाले हुनसक्छ

उनले यो शिक्षा पाएकी हुन् । कवि नैना निश्चित छिन् -

***जब मजदुर मजबुरीमा पर्छ***

***विनिर्माण गरिदिन सक्छ सभ्यताको ।*** *(मजदुर)*

नैनाको विद्रोहको अर्को पाटो पनि छ । त्यो हो लैङ्गिक असमानताको विरोध, नारीको अस्मिता रक्षा र समाधिकारप्राप्तिको लडाइँ । यस सङ्कलनमा उनले दाइजो र पेवा, आखिर किन, अपराध के हो, नारी : सारेको बिरुवा र महिसासुर यी पाँचवटा नारी चेतका कविता समावेश गरेकी छून् । उनका नारीवादी कविताहरूको विषय हो, नारीको सामाजिक असुरक्षा, बलात्कार, धर्म र परम्पराको थिचोमिचो, दाइजो प्रथा, घरेलु हिंसा आदि । यी कविताहरूमा उनको राजनैतिक दृष्टिकोण वा स्थापित नारीवादी मान्यताभन्दा समाजकी एउटी सामान्य नारीले भोग्नुपरेका समस्याहरूलाई आफ्नै अनुभवका आधारमा व्यक्त गरेकी छन् । कविताहरू विद्रोही भन्दा यथार्थवादी ज्यादा छन्, मार्मिक छून्, वर्णनात्मक छन् ।

नारी समस्यालाई लिएर लेखेको दाइजो र पेवा एउटा प्रतीकात्मक कविता हो । यहाँ दाइजोले माइतीले दिएको दाइजो होइन, परम्पराले दिएको दाइजो लाई इङ्गित गरिएको छ । यो दाइजो हो घरेलु काम, परम्परा र रीतिरिवाज पालन गर्ने जिम्मेवारी । यी कामहरू पिँढीपछि पिँढी महिलाले थाप्लोमा बोकेर हिँड्नु परेको छ । यो पुरुषको काम होइन, नारीको पेवा हो । कवि नैना भन्छिन् -

*कर्तव्य र दायित्वबोध*

*परम्परा र रीति-रिवाज*

*संस्कार र संस्कृति बचाउने अभिभारा*

*लाज र मर्यादाको ठेक्काको अंशबन्डा*

*छोरीसँग गर्नु ?*

*बराबर दिनु छोरीलाई*

*उसले पाएका यी सबै दाइजो र पेवाको*

*खुटैखुट हिसाब?* *(दाइजो र पेवा)*

नारीहरू आज कतै सुरक्षित छैनन्, सडक, बजार, बस, पाठशाला कतै। उनीहरूको अस्मिता लुट्ने ब्वाँसाहरू सर्वत्र छून् । उनी नारीलाई दुर्गा र यी

ब्वाँसाहरूलाई महिषासुर भन्दै आफ्नो क्रोध व्यक्त गर्छिन् -

*कसले बलि देलान्*
*यी महिषासुरको*
*एउटा निर्दोष निरीह प्राणीको सट्टामा*
*हरेक विजया दशमीमा?      (महिषासुर)*

**आशा–निराशा** :

विद्रोही कविहरू आशावादको काँधमा चढेर समस्याको सागर तर्ने र प्रतिकूलताको विरोधमा लड्ने प्रस्तुतिमा हुन्छन् । नैनाका कविताहरूमा पनि आशावाद छ । दृढता, छालको विपरीत, आशा, भऱ्याङ चढ्ने प्रयासमा, विश्वास, अपेक्षा, पर्खाइ, सत्य-असत्य आदि कविताहरूमा आशावादी स्वर स्पष्ट छ । हरेक हुरी र हुन्डरीका माझमा पनि आजको युवाले आशाको दियो बलेको देखेको छ, छालका विपरीत ढुङ्गा खियाउन उसले कम्मर कसेको छ -

*“सफलताका दियाहरू बल्दैछन् उसका वरिपरि*
*उसलाई होच्याउन खोज्ने औँलाहरू*
*जलेका छन् दनदनी*

……… ……….

*ऊ आशावादी युवा हो*
*हुन्डरी प्रतिरोधी क्षमता बोकेको ।      (छालको विपरीत)*

यस्तै आशा छ **पर्खाइ** शीर्षकको कवितामा पनि ।

*हरेक रात निरन्तर बलिरहेको छ उसको झोपडीमा*
*आशा र विश्वासको मैनबत्ती*
*दिनभरि पसिना चुहाएर*
*एकभुँडी सन्तुष्टिको पर्खाइमा ।*

नैनाका एकाध कवितामा निराशाको स्वर पनि गुञ्जिएको छ ।  फागुन : स्मृति र यथार्थ, जीवनको परिक्रमा,  जिन्दगीको हर-हिसाब आदि यस्ता निराशावादी कविता हुन् । जस्तै :

*तर मलाई थाहा छ*
*ती रङहरू फेरि आउँदैनन्*

*अनि यो होलीमा पनि*
*यो मन रङहीन भएरै रहने छ।*
*जीवनको परिक्रमा*
*मुटुभित्रको हावा न हो जीवन*
*हुरुरु उडी जान्छ। (जीवनको परिक्रमा )*

*कहिले ज्वालामुखीको लाभा भएर*
*कहिले लेकको हिउँ भएर*
*छटपटाएको जिन्दगी*
*बेहिसाब कुदेको छ*
*अस्ताउने तरखरमा बुढो घामको पछि पछि।*
*(जिन्दगीको हर-हिसाब)*

यी कविताहरूमा उनको विद्रोही स्वर र आशावादी अभिव्यक्ति जीवनको निस्सारता र शून्यतामा बज्रिएर चकनाचुर भएको छ। हो, उनमा कतै निराशा छ, कतै अन्योल छ, कतै समस्याको लागि भाग्य र ईश्वरलाई दोषारोपण गरेकी छ्न्। तर पनि उनी यस सङ्कलनमा मुख्यतः आशावादी, विद्रोही कविकै रूपमा झुल्किएकी छ्न्।

**उपसंहार** :

असमका समकालीन युवा कविहरूमा बहुआयामिक प्रतिभा लिएर झुल्किएकी नैना अधिकारीको नाउँ अग्रपङ्क्तिमै आउँछ। उनको हालसम्मको एकमात्र काव्यकृति **घात-प्रतिघातका उद्गारहरू** भविष्यको उज्ज्वल सम्भावना बोकेर आएको कृति हो। उनको विषय चयन, परिस्थितिको मूल्याङ्कन, संवेदनशीलता, सहज र मिठासपूर्ण भाषाको प्रयोग, बिम्ब-प्रतीकको चाहिँदो व्यवहार, व्यंग्य प्रहारको सीप आदिले यस कृतिलाई स्तरीयता प्रदान गरेको छ। उनको अध्ययन र अनुशीलनले आगामी दिनमा कवितामा भएका व्याख्यात्मकता, उपदेशात्मकता, अन्योलहरू हटाउन अवश्य सक्नेछन् भन्ने आशा राख्न सकिन्छ।

❐ ❐

# नैनाका १० कविता

## १. संसारसँग एक्लै लड्दै गरेकी केटी

*ढुङ्गाहरूका हजारौँ देवताअघि*
*एक्लो भिखारी जस्तै*
*एउटी केटी एक्लै छ*

*सयौँ सुनसान सडक*
*सवारी साधन*
*धुवाँ र एउटा ठुलो रुख*
*हजारौँ माइलसम्म सुतिरहेको समुन्द्र  अनि एउटा निर्दयी ढुङ्गा*
*यीभन्दा धेरै एक्ली छे ऊ*
*कुनै गायकका शोकगीतहरूभन्दा*
*धेरै धेरै पीडा छ उसमा*

*जसले ती केटीसँग कुराकानी गर्नुपर्ने*
*उसको भोगाइको कथा सुन्नुपर्ने*
*उनीहरू कुनै विलासी महलको*
*गाम्भीर्यपूर्ण सेमिनारमा*
*महिला सशक्तिकरणका*
*गम्भीर सन्दर्भहरूका*
*छलफलमा व्यस्त छन्*

*नारी अधिकार  र अस्मिताका*

*सारगर्भित व्याख्याहरूमा*
*आँचल, दुध र पानीका पट्यारलाग्दा समस्याहरू बारे चर्चा गर्दै*
*पाँडेगाली बर्सिरहेका छन्*

*क्रान्तिका सबै पुरातन कथाहरूमा आफूलाई नायकको रूपमा फिट गर्दै*
*'ब्रेक पछि संसार बदलिन्छ' भन्ने सूत्रमा विश्वास गर्नेहरूले*
*त्यस केटीलाई ब्रेकको लागि समय दिनुपर्छ रे*

*केटीसँग यति मात्र समय छ -*
*जहाँ एकछिन पर्खिएर फेर्न सकिन्छ*
*रिसले भरिएको एउटा लामो सास*
*अनि मौनतालाई पुऱ्याउन सकिन्छ*
*उसको छेउ*

*तिमी र मबिचकै केटी हो ऊ*
*जवानीमा उसको महत्व अर्कै थियो*
*ऊ हिँड्दा यस शान्त गाउँका सुनसान बाटाहरू*
*त्यो सुकुलगुन्डो सहरका उत्ताउला गल्लीहरू*
*अचानक कति सक्रिय हुन्थे*
*उसलाई कतिले ताके*
*जिस्काए*
*सुसेले*
*कुर्लिए*
*असमर्थहरू पिठ्युँपछि*
*उसका अवैध सम्बन्धहरू*
*रोमान्टिक कथाहरू रच्तथे*
*बदनामीको महाभारत वाचन हुन्थो*
*चौबाटाका अड्डाहरूमा*

*बदनाम*
*विवशता*
*लाचारी*
*असमर्थताको पासोमा झुन्डिएर*
*उसले*
*आत्महत्या*
*गर्न सोची*

*कायर केटी !*
*सकिन झुन्डिन*
*बाँच्नु कि मर्नु ?*
*कि मरी मरी बाँच्नु*
*मानसिक द्वन्द्वको टाग अफ वारमा*
*जिउँदै छ ऊ*
*आज पनि*
*हजुरहरूका आशीर्वादले !*

*ऊ एफ.आई.आर. सँग लड्दै छे*
*न्यायको ढोकामा लम्पसार छ उसको भविष्य*
*ऊ लड्दै छ आफूसँग*
*लड्दै छ प्रेमीसँग*
*आफन्तसँग*
*लड्दालड्दै ऊ संसारसँग लड्न थाली*

*हेर्नुहोला !*
*दुनियाँले उसलाई हराइदिनेछ,*
*उसको विरुद्धमा साक्षी दिनेमा*
*परम्परा छ*
*मान्यता छ*

*आमाहरू छन्*
*बैनीहरू छन्*
*महिलाकै जमात ठुलो छ*
*जो आज बाध्य छन्*
*भोलि*
*एक्लै हुनेछन् ...*

*हनुमानका पुच्छरमा आगो लाग्न*
*अझ बाँकी छ ।*

## २. मैले सोचेर भेटिन

*घामको तातो*
*हावामा पग्लियो*
*र घोलियो*

*हावाले*
*रुखको मर्म छोयो*

*खस्यो एउटा पात*
*र रुखको छायाँलाई*
*चुम्बन गऱ्यो ।*

*भोलिपल्ट रुख थिएन*
*घाम थियो*
*अनि थियो*
*चिहानमा सुतेको पृथ्वी ।*

# ३. फलाम बटुल्ने हातहरू

*घरतिर दौडिरहेका थिए*
*केटाकेटीहरू*
*सेता परेवा*
*आकाशबाट ओर्लिए झैँ*
*ओर्लिएर*

*लट्ठीमा बाँधिएको चुम्बक थियो*
*एउटा बालकको हातमा*
*ऊ पृथ्वीभरि छरिएका*
*फलाम जम्मा गर्न चाहन्थ्यो*

*उसको अनुहारमा*
*सहरको उदास घाम ओथारो बसेको थियो*
*उसका स-साना*
*फराकिला औँलाहरूमा*
*अड्किएको त्यो लट्ठी*
*गान्धीको लट्ठीभन्दा*
*बढी प्रभावकारी हुन सक्छ*

*मैले त्यस्तै सोचेँ ।*

*उसले सहरका फलाम खोज्दै गर्दा*
*प्रहरी अधीक्षकको कोठाभित्र*
*फ्लाईओभरमुनिका घरहरू भत्काउने*
*योजना बनिरहेको थियो ।*

*गान्धीको तस्बिरको ठिक तल*
*एक्कासि फोहोरको थुप्रोमा*
*उसको चुम्बकमा टाँसिए*
*धेरै जाला र बेकार कारतुसहरू*

*सहरका जिउँदा फलामहरू*
*अझैसम्म उसको पहुँचदेखि*
*धेरै टाढा थिए*

*सेता परेवाजस्ता केटाकेटीहरू*
*स्कुल बसबाट ओर्लिंदै*
*उसलाई हेरिरहेका थिए*

*पश्चिमको आकाशबाट*
*एउटा बिरामी सूर्य*
*सहरका गण्डकी नालामा हामफाल्न खोज्दै थियो*

*फलाम बटुल्ने ती हातहरूका*
*अनुहारभरि अँध्यारो पोखेर*
*उज्यालो छर्दै छ सहर*
*विकासका होर्डिङ टल्काउन ।*

## ४. एउटा गहिरो मौनता

*हिजोका घटनाहरू जस्तै*
*आजका घटनाहरू पनि*
*लेखिनेछन्*
*इतिहासका पानाहरूमा*

*कुनै काला अक्षरले*
*कुनै सुनौला ।*

*के कहिले चिच्याउलान् त !*
*ती सबै कुरा*
*इतिहासको पानाबाट बाहिर निस्केर,*
*ती अक्षरहरूले*
*के कहिले माग्लान् त*
*मानवताले जोगाएर राखेका*
*अँध्यारा रातका ती सबै घटनाहरूको हिसाब*

*सुनसान सडक*
*सुतेको छ*
*गहिरो मौनता ओढेर*
*यत्तिकैमा*
*दृश्यमान हुन्छ*
*एउटा निर्मम दृश्य*
*फैलिन्छ चारैतिर*
*एउटा*
*कहालीलाग्दो चीत्कार*
*तर,*
*चिच्याउँदो आत्माको रोदन सुनेर*
*बन्द गर्छन् सबैले*
*आफ्ना कानहरू*
*इतिहासका सुनौला अक्षरहरू*
*नखोज्ने उन्माद हुल*

*चौबाटाको बिचमा सजाइएका*
*ती तीन मूर्तिको*

*अनुहार*
*फेरिएको छ -*
*एउटाले आँखामा पहेँलो चस्मा लगाएको छ*
*अर्काको कानमा खाँदिएको छ इयरफोन*
*बजिरहेको छ पप सङ*
*तेस्रोको जिब्रो*
*निरंकुश लपलपाइरहेछ बाहिर*

*दृश्य दृश्यमान हुँदै थियो*
*द्रुत गतिमा*
*अनि अगाडि उभिएको थियो*
*एउटा लामो भिड*
*सभ्यता र संस्कृतिको बोझ जस्तै*
*जीवित*
*मूर्तिको रूपमा ।*

## ५. एउटा पागल युग

*असहाय पीडाका पिँजडामा थुनिएका भावनाहरू*
*हल्लिन्छन् चारैतिर*
*पिपलको रङ्गहीन साम्राज्यमा*
*निरन्तर चिच्याइरहेछ एउटा डराएको काग*

*सुनसान गल्लीहरूमा*
*एक बेसुरा गीत गुन्जिन्छ*
*थकित कुकुरहरू लपलपाउँछन् जिब्रो*
*उकेलिदिन्छन्*
*आफ्नो र्‍यालमा*
*मरेको सहर*
*अपच यथार्थ*

*यहाँ कुकुरले पाकेको मासु*
*मानिसले काँचो मासु खान्छन्*
*टिभीको ब्रेकिङ न्युज*

*सुगन्ध भरिएको छ*
*सम्पूर्ण मृत सहरमा*
*पकाएको मासुको,*
*साँप्राको, कपालको*
*पुस्तकमा पोतिएका तेजस्वी कविताहरूजस्तै*
*केटीहरूको*

*सहरका विस्तृत भूखण्डमा*
*चुपचाप बग्छ*
*एउटा निलो नदी*
*रुन्छ*
*आँसु झार्न नसकेको दुःखमा*

*अट्टालिकाहरूमा*
*मैथुनरत*
*कुकुर र गिद्धहरूले*
*सेकिरहेछन्*
*आफ्ना शरीरका अङ्गहरू*
*चुपचाप*

*म एक्लै बग्छु,*
*दुर्गन्धित नदीको बगाइ र*
*मेरो बगाइको हिसाब जोड्दै*

*बोल्न जान्दछु जस्तो लाग्थो हिजोसम्म*
*तर,*
*एक चुप्पीकासाथ बग्दै जान्छु*
*राखिदिन्छु हात*
*एउटा भत्किएको घरमाथि*
*जहाँ सङ्गमरमरको छतमाथि*
*मैले हत्या गरेको थिएँ*
*एउटा सहरको*
*एउटी अपरीचित केटीको*
*भागेको थिएँ*
*विवेकहीन भएर*

*लगाइदिएथैँ आगो घरघरमा*
*आज पनि त्यो आगो सल्किरहेछ*
*सहरका घरभित्रका मनभित्रभित्रै*
*जलिरहेछन्*
*खेत, खलियान*
*शरीर*
*छाती र स्तनका जोडी*

*सजिएको छ आज चारैतिर*
*मृत्यु भोग*
*म खुसी छु -*
*आज म नाच्नेछु*
*अनि*
*पिउनेछु*
*रगत र बोसोसहितको रक्सी !*

*यो युगलाई प्रतिनिधित्व गर्न सक्ने*

*ममा योग्यता छैन ‼*
*ऐना हेर्छु*
*ऐनाभित्र मजस्तै एउटा पागल युग*
*उभिइरहेको छ ।*

## ६. धमिराको हुल

*मेरो विचारभित्र*
*एकाएक बज्न थाल्यो*
*एउटा राष्ट्रगान*
*र म*
*देशद्रोही भनिने डरले*
*उभिएकी छु*
*सतर्क मुद्रामा ।*

*ठिक यतिबेलै*
*मेरो शरीरलाई माटोको ढिस्को सम्झेर*
*मलाई खोक्रो पार्दै*
*मभित्र पस्यो*
*एउटा धमिराको हुल,*
*म उभिएकी छु*
*चिच्याउन नसक्ने स्थितिमा*
*सावधानको मुद्रामा ।*

*प्रतिरोधका हजारौँ स्वरहरू*
*कम्मर कसिरहेका हुन्छन्*
*घरबाट बाहिर निस्कन*
*ठिक त्यही बेला*
*घरभित्र बज्छ राष्ट्रगान*

*गुञ्जिए झैँ लाग्छ*
*कुनै डरलाग्दो आवाज*
*हरेक मानिसको पछाडि*
*गर्दनमा बन्दुकको सङ्गिन राखेर,*
*जो जहाँ उभिएको छ*
*त्यहीँ उभिओस् सतर्क मुद्रामा*

*राष्ट्रगान बजिरहेछ*
*म उभिएकी छु*
*तनक्क तन्किएर*
*अनि*
*नाचिरहेछ*
*मेरो शरीरभित्र*
*हर प्रकारको देशद्रोहबाट मुक्त*
*एउटा धमिराको हुल ।*

## ७. पन्ना अनेक, चित्र एक

*एउटा मन्दिर*
*जहाँ स्त्री बलात्कृत हुन्छे*
*र भगवान चुपचाप*
*उभिएर हेर्छ !*
*मरिसकेको थियो ऊ*
*धेरै पहिले*
*अहिले जीवित छ*
*नारीहरूको बलात्कार हेर्न ।*

*एउटा संस्कृति*
*जसमा योनिमा भासिएको लिङ्ग*
*भगवानको प्रतीक हो*

*र*
*बलात्कारीहरूका लागि अत्यन्त सुविधाजनक हो ।*

*एउटा समाज*
*जहाँ गेरुवा वस्त्रधारी मुखियाले*
*रामनामी ओढेका दलालको सहयोगमा बलात्कारीलाई*
*आफ्नो पछाडि*
*लुकाउन सक्छ*
*अथवा कुरान वा टेस्टामेन्टले*
*छोपिदिन सक्छ*
*बलात्कारीको अनुहार ।*

*एउटा धर्म*
*जसको भग्नावशेषमाथि*
*कुनै अधबैंसेको वीर्यले लतपत बालिकाको*
*शव लडेको छ*
*अनि*
*प्यारपिट्मा झन्डा फरफराइ रहेको छ ।*

## ८. अवलोकन

*म रित्ता खाडलहरूमा ताजमहलको प्रतिविम्ब देख्छु*
*र*
*सरकारको मौनतामा*
*सुन्छु*
*पुँजीको गर्जन ।*

*तिमी नदीको कलकल सुन्नु*
*म सुन्छु -*

*उसमा विषले घाँटी निस्सासिँदा*
*निस्केको आर्तनाद*
*गुलाफको रुख ढाल्दा*
*एउटा अग्लो चुचुरामा*
*उसको अन्तिम विलाप सुन्छु*
*त्यो दिन कोइलीको कुहुकुहुमा*
*चराको त्यो गीत सुन्छु*
*जुन गीत*
*घरबारविहीन हुँदा गाइन्छ*

*म हरिणका आँखा पछि हेर्छु*
*त्यो भन्दा पहिले*
*उनीहरूका आँखामा*
*ब्वाँसाहरूको डर देखिहाल्छु*
*देख्छु -*
*भान्साघरमा*
*रित्ता डिब्बाको एक्लोपन*
*सुन्छु-*
*चिसो चुलोको थरथराहट,*
*खेतमा औषधि छर्केर किरा मारिने बेला*
*सुन्छु -*
*बालीको विलाप ।*

*मलाई*
*दुःख देख्ने बानी परिसक्यो,*
*रक्सी पिएर ह्याङ ओभरमा बस्दा*
*साथीहरू नर्तकीको नाइटो देख्छन्*
*म भुँडी देख्ने गर्छु*
*अनि अन्दाजा लाउँछु*

*कति दिनदेखि भोकै होली यो चमेली !*

*तिमीले मेरो आँखामा पट्टी बाँधेर हेरे पनि*
*म दुई ध्रुवको बिचमा समय निकालेर*
*देख्नेछु*
*बाटाभरि छरिएका दुःख*
*यात्रीको तिर्खा ।*

*तिमीले मेरो भागको सबै मह खोसे पनि*
*म तिम्रो अंशको विष चाख्नेछु ।*

*दुःख चबाएर*
*विष पिएर*
*कलममा बारुद भराउने*
*अविनाशी*
*निलकण्ठ कवि हुँ म ।*

## ९. निलो

*कुनै रुखका टुप्पाबाट*
*मेरा लागि आएका थिए*
*केही निला चिठी*
*जसका टुक्रिएका अङ्गहरूमा*
*मलहम लाउँदै थियो*
*निलो हावाले*

*केही अज्ञात मृत्युका खबर थिए,*
*धेरै पुरानो साथी अचम्ममा परेर गहिरो खाडलमा खसेको झैँ*
*जसको शोक पढिरहेको थियो*
*दिउँसोको निलो मौनताले*

*छरिए झैँ*
*अनुपस्थितिको कुनै पोखरीमाथि*
*निलो सूर्यको किरण ।*

## १०. सक्नु र नसक्नुको बिचमा

*पाठकहरूका लागि*
*कविता एकथाल भात त बन्न सक्तैन होला*
*तर,बन्न सक्छ संवाद*
*मूक नाटकहरूको*

*जसलाई अन्धो बनेर हेरिँदैथियो*
*लाटो बनेर फ्याकिँदै थियो ।*

*कविता हलो त बन्न सक्तैन*
*किसानहरूको*
*तर, मनोरञ्जन बन्न सक्छ पाहुनाको*
*जसले एकवेलाको छाक बचाउन सकियोस्*
*अनि*
*भुँडी भर्न सकियोस्*
*आफ्ना शुभचिन्तक जनावरहरूको*

*ऊ रङ्गीन साडी पनि बन्न सक्तैन*
*कुनै विधवाको*
*जसले तन- मन- धन दिएर*
*पूरै घरको सेवा गर्छे*
*तर,*
*बन्न सक्छ एक्लो जीवनको घनिष्ठ मित्र*

*पुछिदिन सक्छ*
*अलिकति आँसु*
*भुलाइदिन सक्छ*
*थोरै दुःख*

*कविता योद्धाहरूको*
*तरबार बन्न त सक्तैन*
*तर, बन्न सक्छ तागत*
*पाखुराको*
*देख्न सकिन्छ जसलाई*
*वीर रसले उम्लिएका गीतहरूमा*
*युद्धको मैदानमा*

*कविता खेतहरूको*
*बाली बन्न सक्तैन*
*तर, प्रश्न बन्न सक्छ*
*खाली पेटहरूको*
*जसलाई साहुले थिच्दै आएका छन्*
*जो फुटपाथमा मर्दै आएका छन्*

*कविता आगो बन्न सक्तैन चुलाको*
*तर, आगो बाल्ने परिवेश सिर्जन सक्छ*

*लोरी बनेर साथ दिन सक्छ कोक्राको*
*जसले*
*केहीबेर फकाउन*
*ढुक्कले सुताउन सक्छ*
*नानीहरूलाई ।*

व्यक्तित्व चर्चा

# नैनाको सिर्जनात्मक यात्रामा पुरस्कारै पुरस्कार

**कृष्णनील कार्की**, विश्वनाथ, असम, भारत ।

आफ्नो कर्मको योग्यतामा पुरस्कार पाएको आनन्द छुट्टै हुन्छ । चाहे पुरस्कार जस्तै नहोस् किन, ढिलो होस् अथवा छिटो नै नहोस् किन। समर्पणको निरन्तरता, इमान्दारिता साथै अध्ययनशील मनोभाव लिएर सिर्जनात्मक यात्रामा निस्कने सर्जकहरू केवल साहित्य साधनामा व्यस्त रहन्छन् । तिनलाई पुरस्कारको पछि कुद्ने समय हुँदैन। पुरस्कार र सम्मान यिनीहरूको कर्मले स्वतः बटुल्छ । पुरस्कारको पछि यिनीहरू दौडिँदैनन् । पुरस्कार आफैँ यिनीहरूको नामसँग जोडिँदै आउने गर्छ। यस्तै एउटा नाम हो नैना अधिकारी। सन् २००० देखि साहित्य साधनामा लागिपरेकी नैनाले मुक्तकबाट लेखन कर्मको थालनी गरेकी हुन् । मुक्तकपछि गजल र त्यसपछि कविता अनि कविता । सुरुमै नैनाको **किसान** कविता चर्चामा आयो । त्यसपछि **मेरो गाउँ डिजिटल बन्छ बन्छ** भन्ने कविता निकै चर्चित भयो। कवितासँगै नैना पनि चर्चित हुनपुगिन्। अनि कविता लेख्न थालेको आठ महिनापछि नै उनको पहिलो कविता कृति **घात– प्रतिघातका उद्गारहरू** (२०२१) प्रकाशित हुन पुग्यो।

साहित्य क्षेत्रमा नैना अधिकारी नामले परिचित उनको न्वारनको नाम भने नयनकला देवी हो। सन् १९८८ को २७ सेप्टेम्बरमा उनको जन्म भएको हो भने बाबुको नाम नरप्रसाद उपाध्याय र आमा पार्वती देवी हो । उनको कार्बी, आङ्लङ्, माइलु निवासी श्री इदुनाथ अधिकारी (दीपेन्द्र) सँग सन् २००९ मा विवाह भएको हो। बी.ए सम्म पढेकी नैना गृहिणी कर्ममा रमाउँदै

सांसारिक जीवन खुसियालीमै बिताइरहेकी छन् । उनको एकमात्र छोरा अमन अधिकारी । अहिले उनको बसोबास बाँहतला, खेत्री, कामरूप मेट्रो, असम, भारतमा रहेको छ ।

उनको सिर्जनात्मक यात्रा सुरु भएदेखि नै पुरस्कार पाउने क्रम सुरु भएको देखिन्छ । मेहनतको फल प्राप्त हुन्छ नै केवल मनमा आत्मविश्वास हुनुपर्दछ । नैनाले साहित्यिक यात्राको छोटो समयमै प्राप्त गरेका पुरस्कारहरू :

१. असमेली मुक्तक मञ्चको राज्यतहको मुक्तक प्रतियोगितामा पहिलो स्थान, सन् २०२१
२. इन्द्रेनी प्रकाशन, असम तथा देउराली साहित्य सामाजिक मञ्चको संयुक्त आयोजनामा सम्पन्न भएको पूर्वोत्तर भारततहको कविता प्रतियोगितामा पहिलो स्थान, सन् २०२१
३. अखिल असम गोर्खा छात्र सङ्घको डिब्रुगढ़ विश्वविद्यालय एकाइले आयोजना गरेको राज्यतहको नेपाली कविता लेखन प्रतियोगितामा दोस्रों स्थान, सन् २०२२
४. इन्द्रेनी प्रकाशन असमद्वारा आयोजन गरिएको निबन्ध प्रतियोगितामा दोस्रो स्थान, सन् २०२२
५. दक्षिण- पूर्व गुवाहाटी भानुजयन्ती समारोह समितिले आयोजना गरेको निबन्ध प्रतियोगितामा दोस्रो स्थान, सन् २०२२
६. गोर्खा. एम. ई. स्कुल ७५ औँ वार्षिकोत्सव समारोह समितिद्वारा आयोजित स्वरचित कविता प्रतियोगितामा तेस्रो स्थान, सन् २०२२

यसपछि २०२३ को साहित्य अकादेमीको युवा पुरस्कार **घात– प्रतिघातका उद्गारहरू** कविता कृतिका लागि । आफ्नो लेखन कर्मका लागि प्राप्त यी पुरस्कारहरूले सत्कर्मको वकालत गर्दछन् । कर्म नै धर्मको शिक्षा दिन्छन् । यी पुरस्कार नैनाले होइन नैनाको कर्मले पाएका हुन् । एउटा सुन्दर कृतिले यथोचित सम्मान पाएको हो । साहित्य साधनामा समर्पित सर्जकले पाएकी हुन् । सम्भावनापूर्ण लेखन कर्मलाई अझ मलजल दिने सशक्त युवा कवि नैना अधिकारी युवा पुरस्कारको साँचो हकदार हुन् ।

नैनाको सिर्जनात्मक यात्रा विरामहीन गतिमा अघिबढिरह्यो । देश विदेशका विभिन्न पत्रपत्रिकामा रचनाहरू छापिन थाले । कवितामा मात्रै ध्यान केन्द्रित नगरी उनी निबन्ध र समालोचना लेखनतिर लागिन् । हिमालय दर्पण, हाम्रो प्रजाशक्ति, हिमाली बेला, साहित्यपोस्ट, नेपालदूत, साहित्यमित्र, स्वर आदि पत्रपत्रिकामा निरन्तर रचनाहरू छापिन थाले । केही हिन्दी पत्रिकामा हिन्दी कविताहरू पनि छापिए । अर्थात् नेपाली र हिन्दी दुवै भाषामा कलम चलाइरहिन् नैनाले । यसैबिच सन् २०२३ मा इन्द्रेनी प्रकाशन, असमले उनको समालोचना सङ्ग्रह **साहित्य सिर्जनाका बान्कीहरू** प्रकाशमा ल्यायो । विभिन्न पत्रपत्रिकामा हरेक हप्ता समालोचना पनि लेखिरहेकी छिन् । फेरि विविध विधाको पुस्तक प्रकाशनको तयारीमा छिन् । लेखनमा निरन्तरता छ । अहङ्कारको बिन्दु पनि कतै देखिँदैन । सरल, सहज बोली र पहिरनले नैनालाई अध्ययनशील बनाएको भान हुन्छ । अग्रजहरूको सल्लाह, सहयोग पनि सर्वदा सम्झिने गर्छिन् । छोटो समयमा धेरै अभिज्ञता र उपलब्धि बटुल्न सक्षम भएकी छिन् नैना ।

प्रेमिल मुक्तकबाट साहित्य यात्रा सुरु गरेर कवितासम्म आइपुग्दा विशेषरूपले कवितामा सामाजिक विसङ्गतिहरूलाई सबलरूपले उपस्थापन गर्न सफल भएकी छन् नैना । नैनाका कवितामा सामाजिक विषयहरूको उठान गर्दै पाठकहरूबिच सोचको खोराक पस्किनु र कवितालाई केवल मनोरञ्जनको साधन मात्रै नबनाएर जनमानसलाई जागरुक बनाउने पक्षमा लागिपरेकी नैना अधिकारीलाई विगतको लकडाउनले सिर्जनात्मक खेतीमा मलजल दिने काम अवश्य नै गरेको छ जस्तो लाग्दछ । सामाजिक सरोकारलाई मूल विषयका रूपमा लिएर कविता सिर्जना गर्नुसक्नु नै आजका कविहरूको दायित्व हो जस्तो मलाई लाग्दछ । सो दायित्व सक्तो निभाएकी छन् नैनाले । नैनाका कवितामा कपोलकल्पना मात्रै नभएर वास्तविक विषयलाई कलात्मक ढङ्गले कवितामा प्रस्तुत गर्ने अभिप्राय देखिन्छ । कवितामा विचार र कलाको सही सन्तुलनलाई ख्याल गरेजस्तो लाग्छ । सन् २०२२ देखि 'इन्द्रेनी प्रकाशन, असम' मा संलग्न रही विभिन्न साहित्यिक गतिविधिमा सक्रियतासहित कार्य

सम्पादन गर्दै आएकी छन् । वर्तमान उनी इन्द्रेनी प्रकाशन, असमको निर्देशक मण्डलीमा रहेर यावत् कार्यहरूमा तल्लीन छन् । उनको सिर्जनात्मक कर्मले अझै धेरै पुरस्कार र सम्मान बटुल्छ भन्ने आशा र विश्वाससहित नैनालाई सन् २०२३ को साहित्य अकादेमीको युवा पुरस्कारका लागि अजस्र शुभकामना, धेरै धेरै बधाई  छ । नैनाले पुरस्कारसँगै कीर्तिमान पनि रचेकी छन् । उनी भारतेली नारी सर्जकहरूमा युवा पुरस्कार प्राप्त गर्ने पहिलो नारी बनेकी छन् । असमले भने यो पुरस्कार दोस्रो पटक प्राप्त गरेको छ । यसअघि **दृष्टि** निबन्ध सङ्ग्रहका लागि अञ्जन बाँसकोटाले यो पुरस्कार प्राप्त गरेका थिए ।

उज्यालो भविष्यतर्फ अग्रसर कवि नैनालाई हार्दिक शुभकामना छ ।

## स्वर प्रकाशनमा उपलब्ध केही कृतिहरू

१. **नेहाको पुतली** (**बालचित्रकथा**), **लेखक : इन्दु पन्त**
२. **उड्ने किताब** (**बालचित्रकथा**), **लेखक : इन्दु पन्त**
३. **विभूति दर्पण** (**बालजीवनी**), **लेखक : सुशीला देउजा**
४. **साङ्मो** (**बालउपन्यास**), **लेखक : सुशीला देउजा**
५. **ज्योत्स्नाको जीवन परिभाषा** (**आत्मकथा**) **लेखक : ज्योत्स्ना श्रेष्ठ**
६. **धनमान श्रेष्ठका प्रतिनिधि कथा** (**कथासङ्ग्रह**)
७. **सेलेक्टेड स्टोरिज अफ विजय चालिसे** (**कथासङ्ग्रह**)
८. **टोय गन एण्ड अदर स्टोरिज, विजय चालिसे** (**बालकथासङ्ग्रह**)
९. **चारुमतीको रहस्य** (**बालचित्रकथा**), **लेखक : सुशीला देउजा**
१०. **लिली र बिली** (**बालचित्रकथा**), **लेखक : इन्दु पन्त**
११. **भ्यागुताको योग** (**बालकथासङ्ग्रह**), **लेखक : कविता पराजुली**
१२. **फ्रग्स योगा** (**बालकथासङ्ग्रह**), **लेखक : कविता पराजुली**
१३. **साथीको खोजी** (**बालचित्रकथा**) **लेखक : उपासना बराल**

**स्वर प्रकाशनको कार्यालय**

**कालोपुल, सिफलचौर, काठमाडौं ।**

## कवि नैना अधिकारीको संक्षिप्त परिचय

नाम : नैना अधिकारी

जन्ममिति र स्थान : २७-९-१९८८, कामरुप, असम, भारत

पिता : नरप्रसाद उपाध्याय

माता : पार्वती देवी

पति : इदुनाथ अधिकारी (दीपेन्द्र)

**प्रकाशित कृतिहरु** :

१. घात-प्रतिघातका उद्‌गारहरू

(कविता सङ्ग्रह, सन् २०२१)

२. साहित्य सिर्जनाका बान्कीहरू

(समालोचना सङ्ग्रह, सन् २०२३)

३. अमूर्त कारागार

(कविता सङ्ग्रह, सन् २०२३)

४. समालोचकीय ऐनामा सिर्जनाका प्रतिविम्ब

(समालोचना सङ्ग्रह, सन् २०२४)

**सम्पादित कृति** :

१. इन्द्रेनीका रङ (संयुक्त कविता सङ्ग्रह, सन् २०२३)

२. असमेली नेपाली समालोचना, खण्ड-३

(संयुक्त समालोचना सङ्ग्रह, सन् २०२४)।

**संलग्नता** : १. साहित्य सचिव (महिला प्रकोष्ठ), असम गोर्खा सम्मेलन।

२. बोर्ड अफ डाइरेक्टरको सदस्य, (इन्द्रेनी प्रकाशन, असम)

**सम्मान/पुरस्कार** : १. पहिलो कविता सङ्ग्रह, 'घात- प्रतिघातका उद्‌गारहरू' का लागि भारत सरकारको सबैभन्दा ठुलो साहित्य प्रतिष्ठान 'साहित्य एकादेमी'बाट **साहित्य एकादेमी युवा पुरस्कार २०२३** बाट पुरस्कृत।

२. दोस्रो कृति 'साहित्य सिर्जनाका बान्कीहरू' असम नेपाली साहित्य सभाको तर्फबाट शिवलाल शास्त्री स्मृति उत्कृष्ट समालोचना पुरस्कार २०२४ बाट पुरस्कृत।

# पाठकको पत्र

म स्वर पत्रिकाको नियमित पाठक हुँ । यस पत्रिकाको **धनमान श्रेष्ठका प्रतिनिधि कथा** विशेष अंक, वर्ष २१, अंक ६ पढ्ने अवसर पाएँ । यस अंकमा समावेश १६ कथामध्ये कान्छी स्वास्नी, यो हार कसको ?, मेला, कैदी र बाँझो खेत कथाहरु मलाई प्रिय लाग्यो । ८७ वर्षीय लेखकका कथाहरु पढ्ने अवसर दिएकोमा स्वर पत्रिकालाई हार्दिक धन्यवाद छ ।

**राधिका पौडेल**, पद्‍मकन्या कलेज ।

स्वर पत्रिकाको वर्ष २० अंक २ मा प्रकाशित सुशीला देउजा लिखित राजा महेन्द्रको सवारीमा गीत गाउँदा (सुदूर पश्चिमकी चेलीको सम्झना) संस्मरण पढ्दा मजा आयो । राजाको विषयमा लेखिएका यस्ता पुराना कुराहरु आगामी दिनमा पनि पढ्न पाइयोस् । मलाई यस्ता पुराना कुरा पढ्न मजा लाग्छ ।

**शर्मिला मगर**, सिन्धुली ।

वर्ष २१ अंक २ मा प्रकाशित डा. गोमादेवी शर्मा लिखित **जालो** कथा एकदमै राम्रो लाग्यो । धर्मको नाममा गरिने लुटलाई यस कथाले मार्मिक ढंगले प्रस्तुत गरेको छ । स्वर पत्रिकामा यस्ता कथाहरु आगामी दिनमा पनि पढ्न पाउने आशा गरेको छु । साथै यसै अंकमा प्रकाशित लघुकथा **आधा मूल्य** पनि एकदमै राम्रो लाग्यो । लेखक सुशीला देउजाले सामाजको तितो यथार्थ प्रस्तुत गर्नुभएको छ ।

**रश्मी श्रेष्ठ**, भक्तपुर, हाल : पनौती, काभ्रे ।

मलाई उपन्यास पढ्न एकदम मनपर्छ । अहिले बजारमा उपन्यासका किताबहरु एकदमै महँगा छन् । स्वर पत्रिकाले म्याक्सिम गोर्कीको आमा उपन्यास धारावाहिक रुपमा हरेक अंक नेपाली भाषामा प्रकाशित गरिदिए म खुसी हुने थिएँ । साथै उपन्यास अंश स्तम्भ सुरु गरी अन्य नयाँनयाँ उपन्यासका अंशहरु पढ्ने अवसर दिनुहुन अनुरोध गर्दछु ।

**सरोज खड्का**, रसुवा ।




कवि नैना अधिकारी कविता वाचन गर्नुहुँदै



कवि नैना अधिकारी असम भारतमा




2023
Yuva Puraskar


2023
Friday, 12 January 2024


NATIONAL LEVEL





